नेपाल सरकार

# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(सामाजिक समावेशीकरण तथा सामाजिक सुरक्षा शाखा)

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

फोन:०१-४२००३३१
४२००३३२
www.mofaga.gov.np
सिंहदरबार, काठमाण्डौ।

प.सं.: ०७६/७७
च.नं.: ५८

मिति २०७६।०९।१७

श्री स्थानीय तह (अनुसुची १ बमोजिम १६४ वटा)

विषयः- ज्येष्ठ नागरिक दिवा सेवा सञ्चालन सम्बन्धमा ।

उपर्युक्त विषयमा महिला , बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको च.नं. ४१८, मिति २०७६।०९।१३ र च.नं. ४१७ मिति २०७६।०९।१३ को पत्र यसैसाथ संलग्न छ । सो पत्रबाट थप व्यहोरा अवगत गर्नुभई सोही बमोजिम गर्नु गराउनुहुन निर्णयानुसार अनुरोध छ ।

..................
बन्दना कर्ण
(शाखा अधिकृत)

बोधार्थ :

श्री महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, सिंहदरबार ।

श्री सूचना प्रविधि शाखाः पत्र website मा upload गरिदिनुहुन।

नेपाल सरकार
# महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
(ज्येष्ठ नागरिक संरक्षण शाखा)

सिंहदरबार, काठमाडौं
फोन नं.: ४२००१६५
Email:- info@mowcsc.gov.np
www. mowcsc.gov.np

पत्र संख्या ०७६/०७७
च.नं. ४९६

मिति : २०७६/०९/१३

**विषयः ज्येष्ठ नागरिक दिवा सेवा संचालन सम्बन्धमा ।**

श्री स्थानीय तहहरु (अनुसूची १ बमोजिम १६४ वटा स्थानीय तहहरु) ।

उपर्युक्त विषयमा नेपाल सरकारको आर्थिक वर्ष २०७६/७७ को नीति तथा कार्यक्रमको बुँदा नं. १८३ अन्तर्गत ज्येष्ठ नागरिकमा रहेको ज्ञान, सीप र अनुभवलाई अन्तर-पुस्ता हस्तान्तरण गर्न सहयोग पुग्ने गरी प्रत्येक स्थानीय तहमा ज्येष्ठ नागरिक सेवा तथा मिलन केन्द्र सञ्चालन गरिनेछ भन्ने रहेको व्यहोरा अवगत नै छ । सो कार्यक्रम कार्यान्वयनका लागि यस मन्त्रालयको आ.व. २०७६/७७ को वार्षिक कार्यक्रममा विनियोजित रकम तहाँ महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका/गाउँपालिकाको नाममा पठाउने भन्ने निर्णय भई सोही अनुसार LMBIS प्रविष्ट गरिएको र सो कार्यक्रम संचालन गर्नका लागि मिति २०७६/०६/०९ मा नेपाल सरकार(मा. मन्त्रीस्तर) को निर्णयानुसार स्वीकृत भएको "ज्येष्ठ नागरिक सेवा तथा मिलन केन्द्र संचालन तथा व्यवस्थापन सम्बन्धी (नमूना) कार्यविधि-२०७६" यस मन्त्रालयको Website:mowcsc.gov.np मा समेत राखिएको व्यहोरा अनुरोध छ । उक्त कार्यविधि बमोजिम खर्च गरी कार्यक्रम संचालन गर्न हुन निर्णयानुसार अनुरोध छ ।

(नेत्र प्रसाद कोइराला)
शाखा अधिकृत

**संलग्न :**

(१) अनुसूची-१ ज्येष्ठ नागरिक मिलन केन्द्र संचालनका लागि छनौट गरिएका पालिका तथा बजेट बाँडफाँड ।

(२) ज्येष्ठ नागरिक सेवा तथा मिलन केन्द्र संचालन तथा व्यवस्थापन सम्बन्धी (नमूना) कार्यविधि-२०७६ ।

सास सा सु २।।

नेपाल सरकार

# महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

(ज्येष्ठ नागरिक संरक्षण शाखा)


सिंहदरबार, काठमाडौं
फोन नं.: ४२००१६५
Email:- info@mowcsc.gov.np
www. mowcsc.gov.np


पत्र संख्या ०७६/०७७
च.नं. ४१६

मिति : २०७६/०९/१३

श्री संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार, काठमाडौं ।

दर्ता नं.: २८३८ २०७६/९/१४
मिति:-

**विषय : पत्राचार गरिदिनु हुन ।**

उपर्युक्त विषयमा यस मन्त्रालयको आर्थिक वर्ष २०७६/७७ को वार्षिक कार्यक्रममा समावेश भएको कार्यक्रम स्थानीय तहमार्फत सञ्चालन गर्नुपर्ने भएकोले यसै पत्रका साथ संलग्न गरिएका पत्र एवं विवरणहरुलाई अनुसूची-१ बमोजिमका १६४ वटा स्थानीय तहहरुमा पत्राचार गरिदिनु हुन मिति २०७६/६/९ को निर्णयानुसार अनुरोध गर्दछु ।

(हस्ताक्षर)
(नेत्र प्रसाद कोइराला)
शाखा अधिकृत

शा. अ. श्री बन्दनाजी
Website मा राख्न आवश्यक कार्य गर्नु ।
(हस्ताक्षर)
२०७६/९/१६

मन्त्रालय (मन्त्रिस्तरीय) बाट स्वीकृत मिति : २०७६/६/९

# ज्येष्ठ नागरिक सेवा तथा मिलन केन्द्र संचालन तथा व्यवस्थापन सम्बन्धी (नमूना) कार्यविधि-२०७६

**प्रस्तावनाः** नेपाल सरकारको आ.व.२०७६।७७ को बजेट वक्तव्यको बुँदा न ७५ बमोजिम ***"ज्येष्ठ नागरिकमा रहेको ज्ञान, सीप र अनुभवलाई अन्तर-पुस्ता हस्तान्तरण गर्न सहयोग पुग्ने गरी प्रत्येक स्थानीय तहमा ज्येष्ठ नागरिक सेवा तथा मिलन केन्द्र सञ्चालन गरिनेछ"*** भन्ने प्रावधान भए अनुरुप ज्येष्ठ नागरिक सेवा तथा मिलन केन्द्र स्थापना र सञ्चालनका लागि स्थानीय तहलाई अनुदान रकम उपलब्ध गराउन वाञ्छनीय भएकोले,

नेपाल सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले देहायको कार्यविधि बनाएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम ***"ज्येष्ठ नागरिक सेवा तथा मिलन केन्द्र संचालन तथा व्यवस्थापन सम्बन्धी (नमूना) कार्यविधि-२०७६"*** रहेको छ ।
(२) यो कार्यविधि स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **परिभाषा**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:-
(क) "कार्यक्रम खर्च" भन्नाले प्रयोजन खुलाई लक्षित वर्गले प्रत्यक्ष सेवा पाउने गरी लक्ष्य, कार्यक्रम र बजेट खुलेको खर्च भन्ने सम्झनु पर्दछ ।
(ख) "प्रशासनिक खर्च" भन्नाले सेवा महसुल तथा भाडा, कार्यालय सामान जस्ता चालु खर्च सम्झनु पर्दछ ।
(घ) "मन्त्रालय" भन्नाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सम्झनु पर्दछ ।
(ङ) "स्थानीय तह" भन्नाले गाउँपालिका, नगरपालिका सम्झनु पर्दछ ।
(च) "केन्द्र" भन्नाले ज्येष्ठ नागरिक सेवा तथा मिलन केन्द्र सम्झनु पर्दछ ।

## परिच्छेद २
## काम कर्तव्य र अधिकार, स्थान छनौट, संचालन र व्यवस्थापन सम्बन्धी व्यवस्था

३. **स्थानीय तहको काम कर्तव्य र अधिकारः** स्थानीय तहको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-
(क) स्थानीय तहले निर्धारण गरेको नीति, कार्यक्रम र मापदण्डको आधारमा सञ्चालन गर्न सहयोग गर्नु ।
(ख) ज्येष्ठ नागरिक सेवा तथा मिलन केन्द्रमा आउने ज्येष्ठ नागरिकलाई पुऱ्याउनु पर्ने सेवा र सहजताको लागि प्रभावकारी व्यवस्थापन र समन्वय गर्ने ।

(ग) केन्द्रमा भएको भौतिक तथा अन्य सामग्रीको संरक्षण र सही उपयोग गर्ने व्यवस्था मिलाउने ।

(घ) कुनै प्रकारको समस्या तथा अप्ठ्यारो परिस्थिति आई परेमा तत्काल सम्बोधन गर्ने र अन्य निकाय (सुरक्षा निकाय र आवश्यकतानुसार अन्य निकाय) को आवश्यकता भएमा सम्पर्क र समन्वय गरी समस्या समाधान गर्ने ।

(ङ) निकासा भएको रकम प्रचलित कानून बमोजिम खर्च गर्ने ।

(छ) खर्च विवरणको अभिलेख राख्ने ।

(ज) खर्च तथा काम कारवाहीको प्रतिवेदन तयार गरी मन्त्रालयमा पेश गर्ने ।

४. **स्थानीय तहले ज्येष्ठ नागरिक सेवा तथा मिलन केन्द्रको स्थान छनौटका आधारहरु:** स्थानीय तहले ज्येष्ठ नागरिक सेवा तथा मिलन केन्द्रको स्थान छनौट गर्दा देहायका आधारहरु पुरा गरेको हुनुपर्नेछ:-

(क) ज्येष्ठ नागरिक सेवा तथा मिलन केन्द्र दैवी प्रकोप तथा आपतकालीन अवस्थामा उद्धार तथा दैनिक रुपमा सवारी साधन, एम्बुलेन्स, दमकलका सेवाहरुको सहज पहुँच भएको,

(ख) विजुली, पानी र टेलिफोनको सुविधा भएको,

(ग) प्राकृतिक मनोरम तथा खुला स्थल भएको,

(घ) प्राकृतिक प्रकोपवाट हुने खतरादेखि टाढाको स्थल,

(घ) केन्द्र स्थापना गरिएको स्थलवाट कम्तिमा ५ कि.मि.भित्र स्वास्थ्य सेवा उपलब्ध हुन सक्ने व्यवस्था भएको,

(ग) सकभर सबैलाई पायक पर्ने केन्द्र हुनुपर्ने,

(घ) सम्भव भएसम्म नजिकमा धार्मिक आस्थाका पवित्र तीर्थस्थल, नदी, मन्दिर आदि भएको आदि ।

५. **स्थानीय तहले ज्येष्ठ नागरिक सेवा तथा मिलन केन्द्र संचालन र व्यवस्थापन सम्बन्धी व्यवस्था:** स्थानीय तहले ज्येष्ठ नागरिक सेवा तथा मिलन केन्द्र सञ्चालन एव व्यवस्थापन गर्दा देहाय बमोजिम गर्नु पर्नेछ:-

(क) ज्येष्ठ नागरिकहरुको रुची र चाहना अनुसार सामाजिक, सांस्कृतिक, भौगोलिक, धार्मिक तथा साहित्यिक पुस्तक, गीत, कविता, कथा, भजन सम्बन्धी पुस्तकहरुको व्यवस्था मिलाउने ।

(ख) वाद्यवादनका सामग्रीहरु (मादल, हारमोनियम, खैंजडी, तवला इत्यादि) को व्यवस्था गर्ने ।

(ग) केन्द्रमा बस्ने व्यवस्थाका लागि चकटी, कुर्सी, कार्पेट आदिको व्यवस्था गर्ने ।

(घ) दिउँसोको समयमा खाजा र स्वच्छ खानेपानीको व्यवस्था मिलाउने ।

(ङ) मनोरञ्जनका लागि टेलिभिजन, मौसम अनुसार हिटर र पंखाको व्यवस्था गर्ने ।

(च) ज्येष्ठ नागरिक सेवा तथा मिलन केन्द्रभित्र खेल्ने खेल (Indoor games) का लागि आवश्यक खेलसामग्रीहरुको व्यवस्था गर्ने ।

(छ) ज्येष्ठ नागरिकहरुको आकस्मिक स्वास्थ्योपचारका लागि आवश्यक चिकित्सक तथा औषधीको व्यवस्था गर्ने

(ज) ज्येष्ठ नागरिकहरुमा रहेको ज्ञान, सीप र अनुभवलाई पुस्ता हस्तान्तरण गर्ने जस्ता विषयहरुमा प्रवचन कार्यक्रमहरु संचालन गर्ने र सोको अभिलेख राख्ने ।

(झ) खर्च भएर नजाने जिन्सी सामानहरु एक पटक खरिद गरेपछि पटक, पटक खरिद गर्न नपाइने ।

परिच्छेद ३

अनुदान खर्च

६. अनुदान सम्बन्धी खर्च व्यवस्थापन देहाय बमोजिम हुनेछ :-

(क) स्थानीय तहले जुन उद्देश्यको लागि रकम प्राप्त गरेको हो सोही उद्देश्यका लागि मात्र खर्च गर्नु पर्नेछ ।

(ख) यस कार्यविधि बमोजिम प्राप्त भएको अनुदान खर्चको अवधि चालु आ.व. सम्म हुनेछ ।

(ग) यस्तो अनुदानको भुक्तानी मन्त्रालयबाट स्वीकृत वार्षिक कार्यक्रम अनुसार हुनेछ ।

(घ) अनुदान रकम खर्च गर्दा प्रचलित कानूनको अधिनमा रही गर्नुपर्ने छ ।

(ङ) प्रशासनिक खर्चमा कूल अनुदान खर्च बजेटको १५ प्रतिशत मात्र खर्च गर्न सकिनेछ ।

परिच्छेद ४

अनुदान शर्त तथा बैंक खाता संचालन

७. **अनुदान शर्त**: यस कार्यविधि बमोजिमका लक्षित वर्गलाई नेपाल सरकारबाट जुन उद्देश्यको लागि अनुदान उपलब्ध गराइएको हो सोही उद्देश्यका लागि मात्र उपयोग गर्नु पर्नेछ ।

८. **बैंक खाता संचालन**: (१) यस कार्यविधि बमोजिम अनुदान प्रदान गरिएको रकम स्थानीय तहको प्रमुख प्रशासक र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

(२) बैंक खाता नेपाल राष्ट्र बैंकबाट स्वीकृत प्राप्त वाणिज्य बैंकबाट संचालन गर्नु पर्नेछ ।

परिच्छेद ५

## लेखा परीक्षण

९. **लेखा परीक्षणः** (१) सम्बन्धित स्थानीय तहले आ.व. समाप्त भएको १५ दिनभित्र प्रचलित कानून बमोजिम लेखा परीक्षण प्रतिवेदन सम्बन्धित मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

(२) लेखापरीक्षणबाट औल्याइएका बेरुजु रकम सम्बन्धित नगरपालिका तथा गाउँपालिकाले फछर्यौट गर्नु पर्नेछ ।

परिच्छेद ६

## अनुगमन, मूल्यांकन तथा प्रतिवेदन

१०. अनुगमन, मूल्याकंन तथा प्रतिवेदन देहाय बमोजिम हुनेछ :-

(क) मन्त्रालयबाट प्राप्त अनुदान रकमबाट खर्च गर्दा प्रचलित ऐन र नियमावलीको अधिनमा कार्यक्रमको कार्यान्वयन र खर्च गर्नु पर्नेछ ।

(ख) कार्यक्रमको अनुगमन, मूल्यांकन तथा प्रगति प्रतिवेदन तयार पार्ने काम सम्बन्धित स्थानीय तहको हुनेछ ।

(ख) स्थानीय तहले वार्षिक प्रगति प्रतिवेदन महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा पठाउनु पर्नेछ ।

परिच्छेद ७

## विविध

११. **गुनासो सम्बन्धी व्यवस्थाः** अनुदान प्राप्त गरेको संस्थाले प्रचलित कानून एवं यस कार्यविधि बमोजिम अनुदानको उचित उपयोग नगरेको भन्ने विषयसँग सम्बन्धित विषयमा उजुरी परेमा स्थानीय तहले अनुगमन गरी गुनासो व्यवस्थापन गर्नेछ ।

१२. **प्रचलित कानून बमोजिम हुनेः** यस कार्यविधिमा उल्लेख भएका विषयको हकमा यसै बमोजिम र अन्य कुराहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
सिंहदरबार, काठमाडौं

अनुसूची १

ज्येष्ठ नागरिक मिलन केन्द्र संचालनका लागि छनौट गरिएका पालिका तथा बजेट बाँडफाँड

| सि.नं. | प्रदेश/जिल्ला | छनौट गरिएका पालिकाहरु | संचालन गर्नुपर्ने ज्येष्ठ नागरिक मिलन केन्द्रको संख्या | विनियोजित जम्मा रकम |
|---|---|---|---|---|
| **प्रदेश नं. १** | | | | |
| १. | ताप्लेजुङ्ग | फुङ्लिङ न.पा. | १ वटा | १ लाख |
| २. | पाँचथर | फिदिम न.पा. | १ वटा | १ लाख |
| ३. | ईलाम | इलाम न.पा. | १ वटा | १ लाख |
| | | देउमाई न.पा. | १ वटा | १ लाख |
| ४. | झापा | भद्रपुर न.पा. | १ वटा | १ लाख |
| | | मेचीनगर न.पा. | १ वटा | १ लाख |
| | | दमक न.पा. | १ वटा | १ लाख |
| | | गौरादह न.पा. | १ वटा | १ लाख |
| | | विर्तामोड न.पा. | १ वटा | १ लाख |
| ५. | तेह्रथुम | म्याङलुङ न.पा. | १ वटा | १ लाख |
| ६. | धनकुटा | धनकुटा न.पा. | १ वटा | १ लाख |
| ७. | संखुवासभा | खाँदवारी न.पा. | १ वटा | १ लाख |
| ८. | भोजपुर | भोजपुर न.पा. | १ वटा | १ लाख |
| ९. | सुनसरी | धरान उपमहानगरपालिका | ३ वटा | ३ लाख |
| | | इटहरी उपमहानगरपालिका | ३ वटा | ३ लाख |
| | | इनरुवा न.पा. | १ वटा | १ लाख |
| | | वराह न.पा. | १ वटा | १ लाख |
| १०. | मोरङ्ग | विराटनगर महानगरपालिका | ३ वटा | ३ लाख |
| | | बेलबारी न.पा. | १ वटा | १ लाख |
| | | रङ्गेली न.पा. | १ वटा | १ लाख |
| | | रतुवामाई न.पा. | १ वटा | १ लाख |
| | | उर्लाबारी न.पा. | १ वटा | १ लाख |
| | | सुन्दरहरैचा न.पा. | १ वटा | १ लाख |
| ११. | उदयपुर | त्रियुगा न.पा. | १ वटा | १ लाख |
| | | कटारी न.पा. | १ वटा | १ लाख |
| १२. | खोटाङ्ग | दिक्तेल रुपाकोट मजुवागढी न.पा. | १ वटा | १ लाख |
| १३. | ओखलढुङ्गा | शिद्धिचरण न.पा. | १ वटा | १ लाख |
| १४. | सोलुखुम्बु | सोलुदुधकुण्ड न.पा. | १ वटा | १ लाख |
| | **प्रदेश नं. २** | | | |
| १५. | सप्तरी | राजविराज न.पा. | १ वटा | १ लाख |
| | | डाक्नेश्वरी न.पा. | १ वटा | १ लाख |
| | | सुरुङ्ग न.पा. | १ वटा | १ लाख |
| | | हनुमाननगर कङकालिनी न.पा. | १ वटा | १ लाख |
| १६. | सिराहा | सिराहा न.पा. | १ वटा | १ लाख |

नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
सिंहदरबार, काठमाडौं

| सि.नं. | प्रदेश/जिल्ला | छनौट गरिएका पालिकाहरु | संचालन गर्नुपर्ने ज्येष्ठ नागरिक मिलन केन्द्रको संख्या | विनियोजित जम्मा रकम |
|---|---|---|---|---|
| | | लाहान न.पा. | १ वटा | १ लाख |
| | | कल्याणपुर न.पा. | १ वटा | १ लाख |
| | | सुखीपुर न.पा. | १ वटा | १ लाख |
| १७. | बारा | कलैया उपमहानगरपालिका | ३ वटा | ३ लाख |
| | | जीतपुर सिमरा उपमहानगरपालिका | ३ वटा | ३ लाख |
| | | निजगढ न.पा. | १ वटा | १ लाख |
| | | महागढीमाई न.पा. | १ वटा | १ लाख |
| १८. | रौतहट | गौर न.पा. | १ वटा | १ लाख |
| | | बृन्दाबन न.पा. | १ वटा | १ लाख |
| | | कटहरिया न.पा. | १ वटा | १ लाख |
| | | ईशनाथ न.पा. | १ वटा | १ लाख |
| १९. | पर्सा | वीरगञ्ज महानगरपालिका | ३ वटा | ३ लाख |
| | | पोखरिया न.पा. | १ वटा | १ लाख |
| | | बहुदरमाई न.पा. | १ वटा | १ लाख |
| | | पर्सागढी न.पा. | १ वटा | १ लाख |
| २०. | धनुषा | जनकपुर उपमहानगरपालिका | ३ वटा | ३ लाख |
| | | धनुषाधाम न.पा. | १ वटा | १ लाख |
| | | नगराइन न.पा. | १ वटा | १ लाख |
| | | मिथिला न.पा. | १ वटा | १ लाख |
| २१. | सर्लाही | ईश्वरपुर न.पा. | १ वटा | १ लाख |
| | | मलंगवा न.पा. | १ वटा | १ लाख |
| | | बरहथवा न.पा. | १ वटा | १ लाख |
| | | गोडैटा न.पा. | १ वटा | १ लाख |
| २२. | महोत्तरी | जलेश्वर न.पा. | १ वटा | १ लाख |
| | | गौशला न.पा. | १ वटा | १ लाख |
| | | लोहरपट्टी न.पा. | १ वटा | १ लाख |
| | | मनरा शिसवा न.पा. | १ वटा | १ लाख |
| प्रदेश नं. ३ | | | | |
| २३. | दोलखा | भिमेश्वर न.पा. | १ वटा | १ लाख |
| २४. | रामेछाप | मन्थली न.पा. | १ वटा | १ लाख |
| २५. | सिन्धुली | कमलामाई न.पा. | १ वटा | १ लाख |
| | | दुधौली न.पा. | १ वटा | १ लाख |
| २६. | रसुवा | गोसाइकुण्ड गाउँपालिका | १ वटा | १ लाख |
| २७. | नुवाकोट | विदुर न.पा. | १ वटा | १ लाख |
| | | ककनी गाउँपालिका | १ वटा | १ लाख |
| २८. | सिन्धुपाल्चोक | चौतरा साँगाचोकगडी न.पा. | १ वटा | १ लाख |
| | | बाह्रविसे न.पा. | १ वटा | १ लाख |

| सि.नं. | प्रदेश/जिल्ला | छनौट गरिएका पालिकाहरु | संचालन गर्नुपर्ने ज्येष्ठ नागरिक मिलन केन्द्रको संख्या | विनियोजित जम्मा रकम |
|---|---|---|---|---|
| २९. | काभ्रेपलाञ्चोक | धुलिखेल न.पा. | १ वटा | १ लाख |
| | | पनौती न.पा. | १ वटा | १ लाख |
| ३०. | धादिङ्ग | नीलकण्ठ न.पा. | १ वटा | १ लाख |
| | | धुनीबेसी न.पा. | १ वटा | १ लाख |
| ३१. | चितवन | भरतपुर महानगरपालिका | ३ वटा | ३ लाख |
| | | माडी न.पा. | १ वटा | १ लाख |
| | | रत्ननगर न.पा. | १ वटा | १ लाख |
| ३२. | मकवानपुर | हेटौंडा उपमहानगरपालिका | ३ वटा | ३ लाख |
| | | थाहा न.पा. | १ वटा | १ लाख |
| ३३. | काठमाडौं | काठमाडौं महानगरपालिका | ५ वटा | ५ लाख |
| | | कागेश्वरी न.पा. | १ वटा | १ लाख |
| | | कीर्तिपुर न.पा. | १ वटा | १ लाख |
| | | गोकर्णेश्वर न.पा. | १ वटा | १ लाख |
| | | चन्द्रगिरी न.पा. | १ वटा | १ लाख |
| | | टोखा न.पा. | १ वटा | १ लाख |
| | | तारकेश्वर न.पा. | १ वटा | १ लाख |
| | | नागार्जुन न.पा. | १ वटा | १ लाख |
| | | बुढानिल्कण्ठ न.पा. | १ वटा | १ लाख |
| ३४. | ललितपुर | ललितपुर महानगरपालिका | ३ वटा | ३ लाख |
| | | गोदावरी न.पा. | १ वटा | १ लाख |
| | | महालक्ष्मी न.पा. | १ वटा | १ लाख |
| ३५. | भक्तपुर | चाँगुनारायण न.पा. | १ वटा | १ लाख |
| | | मध्यपुर न.पा. | १ वटा | १ लाख |
| **गण्डकी प्रदेश** | | | | |
| ३६. | गोरखा | गोरखा न.पा. | १ वटा | १ लाख |
| | | पालुङटार न.पा. | १ वटा | १ लाख |
| ३७. | मनाङ्ग | चामे गाउँपालिका | १ वटा | १ लाख |
| ३८. | लमजुङ्ग | बेंसीशहर न.पा. | १ वटा | १ लाख |
| ३९. | कास्की | पोखरा लेखनाथ महानगरपालिका | ३ वटा | ३ लाख |
| | | रुपा गाउँपालिका | १ वटा | १ लाख |
| | | अन्नपूर्ण गाउँपालिका | १ वटा | १ लाख |
| ४०. | तनहुँ | शुक्लगण्डकी न.पा. | १ वटा | १ लाख |
| | | व्यास न.पा. | १ वटा | १ लाख |
| ४१. | स्याङ्जा | पुतलीबजार न.पा. | १ वटा | १ लाख |
| | | वालिङ्ग न.पा. | १ वटा | १ लाख |
| ४२. | नवलपरासी पूर्व | कावासोती न.पा. | १ वटा | १ लाख |
| | | गैंडाकोट न.पा. | १ वटा | १ लाख |

नेपाल सरकार

| सि.नं. | प्रदेश/जिल्ला | छनौट गरिएका पालिकाहरु | संचालन गर्नुपर्ने ज्येष्ठ नागरिक मिलन केन्द्रको संख्या | विनियोजित जम्मा रकम |
|---|---|---|---|---|
| ४३. | मुस्ताङ्ग | घरपझोङ गाउँपालिका | १ वटा | १ लाख |
| ४४. | म्याग्दी | बेनी न.पा. | १ वटा | १ लाख |
| ४५. | बाग्लुङ्ग | बागलुङ्ग न.पा. | १ वटा | १ लाख |
| | | गल्कोट न.पा. | १ वटा | १ लाख |
| ४६. | पर्वत | कुश्मा न.पा. | १ वटा | १ लाख |
| **प्रदेश नं. ५** | | | | |
| ४७. | गुल्मी | मुसीकोट न.पा. | १ वटा | १ लाख |
| | | रेसुङ्गा न.पा. | १ वटा | १ लाख |
| ४८. | पाल्पा | रामपुर न.पा. | १ वटा | १ लाख |
| | | तानसेन न.पा. | १ वटा | १ लाख |
| ४९. | अर्घाखाँची | सन्धिखर्क न.पा. | १ वटा | १ लाख |
| ५०. | नवलपरासी पश्चिम | बर्दघाट न.पा. | १ वटा | १ लाख |
| | | रामग्राम न.पा. | १ वटा | १ लाख |
| ५१. | रुपन्देही | बुटवल उपमहानगरपालिका | ३ वटा | ३ लाख |
| | | लुम्बिनी सांस्कृतिक न.पा. | १ वटा | १ लाख |
| | | सैनामैना न.पा. | १ वटा | १ लाख |
| | | सिद्धार्थनगर न.पा. | १ वटा | १ लाख |
| | | तिलोत्तमा न.पा. | १ वटा | १ लाख |
| ५२. | कपिलवस्तु | कपिलवस्तु न.पा. | १ वटा | १ लाख |
| | | बुद्धभूमि न.पा. | १ वटा | १ लाख |
| | | कृष्णनगर न.पा. | १ वटा | १ लाख |
| ५३. | रुकुम पूर्व | सिस्ने गाउँपालिका | १ वटा | १ लाख |
| ५४. | रोल्पा | रोल्पा न.पा. | १ वटा | १ लाख |
| ५५. | प्यूठान | प्यूठान न.पा. | १ वटा | १ लाख |
| ५६. | दाङ्ग | तुल्सीपुर उपमहानगरपालिका | ३ वटा | ३ लाख |
| | | घोराही उपमहानगरपालिका | ३ वटा | ३ लाख |
| | | लमही न.पा. | १ वटा | १ लाख |
| ५७. | बाँके | नेपालगञ्ज उपमहानगरपालिका | ३ वटा | ३ लाख |
| | | कोहलपुर न.पा. | १ वटा | १ लाख |
| | | बैजनाथ गाउँपालिका | १ वटा | १ लाख |
| ५८. | बर्दिया | गुलरिया न.पा. | १ वटा | १ लाख |
| | | बारबर्दिया न.पा. | १ वटा | १ लाख |
| कर्णाली प्रदेश | | | | |
| ५९. | रुकुम पश्चिम | मुसीकोट न.पा. | १ वटा | १ लाख |
| ६०. | सल्यान | शारदा न.पा. | १ वटा | १ लाख |
| ६१. | डोल्पा | ठूली भेरी न.पा. | १ वटा | १ लाख |
| ६२. | मुगु | छायाँनाथ रारा न.पा. | १ वटा | १ लाख |

| सि.नं. | प्रदेश/जिल्ला | छनौट गरिएका पालिकाहरु | संचालन गर्नुपर्ने ज्येष्ठ नागरिक मिलन केन्द्रको संख्या | विनियोजित जम्मा रकम |
|---|---|---|---|---|
| ६३. | जुम्ला | चन्दननाथ न.पा. | १ वटा | १ लाख |
| ६४. | कालीकोट | खाँडाचक्र न.पा. | १ वटा | १ लाख |
| ६५. | हुम्ला | सिमीकोट गाउँपालिका | १ वटा | १ लाख |
| ६६. | जाजरकोट | भेरी न.पा. | १ वटा | १ लाख |
| ६७. | दैलेख | नारायण न.पा. | १ वटा | १ लाख |
| | | दुल्लु न.पा. | १ वटा | १ लाख |
| ६८. | सुर्खेत | वीरेन्द्रनगर न.पा. | १ वटा | १ लाख |
| | | पञ्चपुरी न.पा. | १ वटा | १ लाख |
| <u>प्रदेश नं. ७/सुदुरपश्चिम प्रदेश</u> | | | | |
| ६९. | बाजुरा | बडीमालिका न.पा. | १ वटा | १ लाख |
| ७०. | अछाम | मंगलसेन न.पा. | १ वटा | १ लाख |
| | | साँफेबगर न.पा. | १ वटा | १ लाख |
| ७१. | बझाङ्ग | जयपृथ्वी न.पा. | १ वटा | १ लाख |
| ७२. | डोटी | दिपायल सलगढी न.पा. | १ वटा | १ लाख |
| ७३. | कैलाली | धनगढी उपमहानगरपालिका | ३ वटा | ३ लाख |
| | | टिकापुर न.पा. | १ वटा | १ लाख |
| | | घोडाघोडी न.पा. | १ वटा | १ लाख |
| | | लम्कीचुहा न.पा. | १ | १ लाख |
| | | गौरीगङ्गा न.पा. | १ वटा | १ लाख |
| ७४. | दार्चुला | महाकाली न.पा. | १ वटा | १ लाख |
| ७५. | बैतडी | दशरथचन्द न.पा. | १ वटा | १ लाख |
| ७६. | डडेलधुरा | अमरगढी न.पा. | १ वटा | १ लाख |
| ७७. | कञ्चनपुर | भीमदत्त न.पा. | १ वटा | १ लाख |
| | | पुनर्वास न.पा. | १ वटा | १ लाख |
| | | कृष्णपुर न.पा. | १ वटा | १ लाख |
| | | कूल जम्मा | २०० वटा | २ करोड |